नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, भदौ १७ गते, २०६६ साल (अतिरिक्ताङ्क २५क+१

भाग ३

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

सवारी तथा यातायात व्यवस्था (दोश्रो संशोधन) नियमावली, २०६६
सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न बाञ्छनिय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "सवारी तथा यातायात व्यवस्था (दोश्रो संशोधन) नियमावली, २०६६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सवारी तथा यातायात व्यवस्था नियमावली , २०५४ को नियम ५२ मा संशोधन : सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(यस पछि "मूल नियमावली" भनिएको) को नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छ :-

"५२. **यातायात सेवामा संलग्न कर्मचारीको बीमा:** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १४९ बमोजिम दुर्घटना बीमा गराउँदा सो यातायात सेवामा संलग्न सवारी चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च वापत यस नियममा उल्लेख भए बमोजिमको रकमको बीमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा मृत्युको लागि पाँच लाख रुपैयाँको बीमा गराउनु पर्नेछ ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई उपनियम (१) मा उल्लिखित कुनै व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज क्रिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछ :-

(क) स्थायी पूर्ण अशक्तता	पाँच लाख रुपैयाँ
(ख) दुवै आँखाको दृष्टि गुमेमा	पाँच लाख रुपैयाँ

३८८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग वेकम्मा भएमा	पाँच लाख रुपैयाँ
(घ) एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्ण रुपले गुमेमा	पाँच लाख रुपैयाँ
(ङ) एउटा आँखाको दृष्टि पूर्ण रुपले गुमेमा	दुई लाख पचास हजार रुपैयाँ
(च) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग वेकम्मा भएमा	दुई लाख पचास हजार रुपैयाँ
(छ) अन्य कुनै अङ्गभङ्ग भएमा	मान्यताप्राप्त चकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछ :-

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ५३ मा संशोधन :** मूल नियमावलीको नियम ५३ को सट्टा देहायको नियम ५३ राखिएको छ :-

"५३. **यात्री बीमा:** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १५० बमोजिम यात्रीको दुर्घटना बीमा गराउँदा यात्रुवाहक सवारी साधनको हकमा सो सवारी साधनको सिट संख्या बराबर र मालवाहक सवारी साधनको हकमा सो सवारी साधनको ब्ल्यू बुकमा उल्लेख भए बमोजिमको सिट संख्या बराबरको संख्यामा यात्रीको मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च वापत बीमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा सवारी दुर्घटनाबाट हुने मृत्युको लागि पाँच वर्षभन्दा बढी उमेर भएका प्रत्येक यात्रीको लागि एकलाख रुपैयाँ, एक वर्षदेखि पाँच वर्षसम्मको प्रत्येक यात्रीको लागि पचास हजार रुपैयाँ र एक वर्षभन्दा कम उमेरको यात्रीको लागि पच्चीस हजार रुपैयाँको बीमा गराउनु पर्नेछ ।

(३) यातायात सेवा संलग्न कुनै सवारी साधन दुर्घटना भई यात्रीको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज क्रिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमवाट सोधभर्ना लिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा प्रत्येक यात्रीको लागि देहाय बमोजिमको अङ्गभङ्ग बीमा गराउनु पर्नेछ :-

२९४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) स्थायी पूर्ण अशक्तता	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत
(ख) दुवै आँखाको दृष्टि गुमेमा	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत
(ग) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग वेकम्मा भएमा	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत
(घ) एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आंखाको दृष्टि पूर्ण रुपले गुमेमा	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत
(ङ) एउटा आँखाको दृष्टि पूर्ण रुपले गुमेमा	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको पचास प्रतिशत रकम
(च) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग वेकम्मा भएमा	उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको पचास प्रतिशत
(छ) अन्य कुनै अङ्गभङ्ग भएमा	मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा सवारी दुर्घटनाबाट घाईते हुने प्रत्येक यात्रीको उपचारको लागि देहाय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च वापत बीमा गराउनु पर्नेछ :–

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रतिदिन पाँचसय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सवारी साधनमा रहेको सीट संख्याभन्दा बढी संख्यामा यात्री सवार गराउने कुनै सवारी साधन दुर्घटना भई सीट वीना यात्रा गर्ने यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा त्यस्ता यात्री घाईते भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बीमा रकम वरावरको रकम मृतकको हकवाला वा अङ्गभङ्ग भएको व्यक्ति वा घाईतेलाई क्षतिपूर्ति वापत दिनु पर्नेछ । ”

४. <u>मूल नियमावलीको नियम ५५ मा संशोधन</u> : मूल नियमावलीको नियम ५५ को सट्टा देहायको नियम ५५ राखिएको छ :-

“५५. <u>तेस्रो पक्षको बीमा:</u> (१) सवारी दुर्घटनाबाट हुने तेस्रो पक्षको मृत्यु, अङ्गभङ्ग, घाउचोट वा सम्पत्तिको नोक्सानी वापत क्षतिपूर्ति दिने प्रयोजनको लागि सवारी धनी वा व्यवस्थापकले मृत्यु, अङ्गभङ्ग, घाउचोटको लागि न्यूनतम पचास लाख रुपैयाँ र सम्पत्ति हानी नोक्सानीको लागि न्यूनतम पचास लाख रुपैयाँ रकमको बीमा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा प्रत्येक तेस्रो पक्षको मृत्युको लागि सो उपनियममा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ उपलब्ध हुने गरी बीमा गराउनु पर्नेछ ।

(३) कुनै सवारी साधन दुर्घटना भई तेस्रो पक्षको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज क्रिया खर्च वापत निजको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा तेस्रो पक्षलाई हुने अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछ :-

(क) स्थायी पूर्ण अशक्तता	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही पाँच लाख रुपैयाँ
(ख) दुवै आँखाको दृष्टि गुमेमा	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही पाँच लाख रुपैयाँ
(ग) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग वेकम्मा भएमा	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही पाँच लाख रुपैयाँ
(घ) एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आंखाको दृष्टि पूर्ण रुपले गुमेमा	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही पाँच लाख रुपैयाँ
(ङ) एउटा आंखाको दृष्टि पूर्ण रुपले गुमेमा	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही दुई लाख पचास हजार रुपैंया

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा	उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही दुईलाख पचास हजार रुपैंया
(छ) अन्य कुनै अङ्गभङ्ग भएमा	मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिव बीमा रकम

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा तेस्रो पक्षलाई हुने घाउचोटको उपचारको लागि उपनियम (१) मा उल्लिखित रकमको अधिनमा रही प्रत्येक उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछ :-

(क) दुई लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिन पाँचसय रुपैयाँका दरले तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च । "

५. **मूल नियमावलीमा नियम ५५क., ५५ख., ५५ग., ५५घ. र ५५ङ थपः** मूल नियमावलीको नियम ५५ पछि देहायका नियम ५५क. ५५ख. ५५ग. ५५घ. र ५५ङ थपिएका छन :–

"५५क. **बीमाको प्रमाणपत्र र बीमालेखः** सवारी साधनको धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बीमाको प्रमाणपत्र र बीमालेख सम्बन्धित सवारी साधनमा अनिवार्य रुपमा राख्न लगाउनु पर्नेछ । "

५५ख. **बीमाको प्रमाणपत्र र बीमालेखको दाखिलाः** कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले दुर्घटना स्थल रहेको जिल्लाको प्रमुख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ ।

५५ग. **बीमा रकम उपलब्ध गराउने अधिकारी र अवधि:** नियम ५५ख. बमोजिम बीमाको प्रमाणपत्र र बीमालेख प्राप्त भए पछि प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काईस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा विमकबाट उपलब्ध गराइ दिनु पर्नेछ ।

५५घ. **बीमा सम्बन्धमा सवारी धनी वा व्यवस्थापकको दायित्व:** (१) यातायात सेवा सञ्चालन गर्ने कुनै सवारी धनी वा व्यवस्थापकले यस नियम बमोजिम बीमा गराएकोमा त्यस्तो बीमामा उल्लिखित रकमको दायित्वभन्दा बढी रकमको दायित्व निजले वहन गर्नु पर्ने छैन ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बिमा रकमभन्दा बढी बिमाङ्क रकम कायम गरी बीमा गर्न यो नियमले बाधा पुऱ्याएको मानिने छैन ।

५५ङ **यातायात संस्था मार्फत विमा गराउन सकिने:** यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिमको बीमा गर्दा यातायात व्यवसायसंग सम्बन्धित संस्था मार्फत बीमा गराउन सक्नेछ । "

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **मूल नियमावलीको नियम ६१ मा संशोधनः** मूल नियमावलीको नियम ६१ को सट्टा देहायको नियम६१राखिएको छ

"६१. **सवारी साधन फिर्ता गर्नु पर्नेः** (१) दुर्घटनाको जाँचबुझको निमित्त ऐनको दफा १३४ बमोजिम सम्बन्धित प्रहरीले आफू समक्ष दाखिल गराएको सवारी साधन चौबीस घण्टाभित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकलाई फिर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सवारी साधन फिर्ता नगरेमा त्यसरी फिर्ता नगरेको प्रतिदिनको लागि तीन हजार रुपैयाँका दरले प्रमुख जिल्ला अधिकारीले सम्बन्धित प्रहरी कार्यालयबाट सवारी धनी वा व्यवस्थापकलाई भराइ दिनु पर्नेछ ।"

आज्ञाले,
बाबुराम आचार्य
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
मो.हु.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।